## अनिवार्य नेपाली विषयको पाठ्यक्रम

पाठ्यांश शीर्षक : अनिवार्य नेपाली (४०१)
तहः स्नातक (चार बर्षे)
सत्रः पहिलो

पूर्णाङ्कः १००
उतीर्णाङ्कः ३५
प्रतिहप्ता पाठघण्टीः ६
जम्मा पाठघण्टीः १५०

### १. पाठ्यांश परिचय

यो पाठ्यक्रम त्रिभुवन विशवविद्यालय अन्तर्गत विभिन्न सङ्कायका स्तानक तहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई नेपाली भाषामा विशिष्ट बोध, अभिव्यक्ति र रचना कौशलको विकास गर्न तयार पारिएको हो । यस पाठ्यक्रममा नेपाली भाषाको कथ्य र लेख्य स्वरूप, शब्द भण्ठार, वाक्यतत्वपरक रचना, सङ्कथन संरचना, नेपाली वाङ्मयका विभिन्न क्षेत्रका गद्यांशको पठनबोध, व्यावहारिक लेखन तथा निबन्धात्मक अभिव्यक्तिका साथै निर्धारित साहित्यिक कृतिहरुको पठन, आस्वादन र अभिव्यक्ति क्षमताको विकास गर्ने पाठ्य सामग्रीहरु समावेश गरिएका छन् ।

### २. साधारण उद्देश्य

यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरु निम्नलिखित विशिष्ट भाषिक सिप आर्जन गर्न सक्षम हुने छन्:

- कथ्य र लेख्य नेपालीको भिन्नता पहिल्याई मानक रुपको प्रयोग गर्न,
- नेपाली वाङ्मयका विविध क्षेत्रमा प्रयुक्त शब्दहरुको स्रोत, वर्ग र बनोट पहिचान गरी सन्दर्भपूर्ण वाक्यमा प्रयोग गर्न,
- तालिका, चित्राकृति (डायग्राम) रेखाचित्र (ग्राफ) र आरेखको सूचनालाई अनुच्छेदमा रूपान्तर गर्न तथा अनुच्छेदमा रहेका सूचनालाई तालिका, चित्राकृति आलेख र आरेखमा रुपान्तर गर्न,
- नेपाली वाक्यतत्वको स्वरूप पहिचान गरी वाक्यतत्वपरक रचना गर्न,
- पाठ वा पाठ्यांशको सङ्कथन संरचना पहिल्याउन,
- वाङ्मयका विविध क्षेत्रका गद्यांशहरु पढी तिनमा आधारित वोधप्रश्नहरुको उत्तर दिन,
- सम्बद्ध गद्यांशको बुँदाटिपोट र संक्षेपीकरण गर्न,
- पाठ वा पाठंयाशका विषयवस्तुमा आधिरत भई स्वतन्त्र अभिव्यक्ति प्रकट गर्न,
- निर्धारित ढाँचामा आधारित भई व्यावहारिक लेखन र प्रतिवेदन तयार गर्न,
- विभिन्न विषयमा आत्मपरक तथा वस्तुपरक निवन्ध लेख्न,
- निर्धारित कविता, गीत /गजल निवन्ध कथा उपन्यास र नाटकको सरसर्ती अध्ययन तथा तिनको आस्वादन गर्न र प्रतिक्रिया दिन ।

### ३ विशिष्ट उद्देश्य तथा पाठ्यविषय

| विशिष्ट उद्देश्य | पाठ्यविषय | अङ्क | पा.ध. |
|---|---|---|---|
| • शव्दहरुको अक्षरीकरण गर्न<br>• नेपाली वर्णविन्यास प्रयोग गर्न | **एकाइ एकः अक्षरीकरण र वर्णविन्यास**<br>क) शव्दहरुको अक्षरीकरण<br>ख) नेपाली वर्णविन्यास | ५ | ७ |
| • नेपालीका विभिन्न स्रोतका शव्दको पहिचान गर्न<br>• शब्दवर्ग छुट्ट्याई शव्दको वनोट देखाउन,<br>• शब्दार्थ अनुसार शव्दहरुको प्रयोग गर्न | **एकाई दुईः नेपाली शव्दभण्डार**<br>क) शव्दस्रोत र शब्दवर्ग<br>अ) शव्दबनोट<br>ग) शब्दार्थ र शब्दहरुको प्रयोग (विभिन्न विषय क्षेत्रसँग सम्बन्धित सामान्य र विशिष्ट प्रकृतिका पारिभाषिक शब्दको प्रयोग ) र अभ्यास | १० | १५ |
| • वर्णनात्मक प्रकृतिका स्वतन्त्र रचना निर्माण गर्न<br>• निर्देशित रचना तयार गर्न<br>• वाक्य संश्लेषण गर्न | **एकाई तिनः वाक्यतत्वपरक रचना**<br>क) स्वतन्त्र रचना ( लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य, करण अकरणका आधारमा वर्णन)<br>ख) निर्देशित रचना ( वाक्यान्तरण)<br>ग) वाक्य संश्लेषण | १० | १५ |
| • शव्दहरुका व्याकरणिक र कोशीय संसक्ति पहिल्याउन,<br>• अन्तर्वाक्यात्मक अर्थान्विति पत्ता लगाउन | **एकाइ चारः सङ्कथन /पाठको संरचना**<br>क) व्याकरणिक संसक्ति<br>ख) कोशीय संसक्ति | ५ | ८ |
| • नेपाली वाङ्मयका विभिन्न क्षेत्रसँग सम्बन्धित दृष्टांश र अदृटांश पाठ / पाठ्यांश तथा बोधात्मक प्रश्नको अभ्यास गर्न । | **एकाई पाँचः पठनबोध**<br>नेपाली वाङमयका शिक्षा, अर्थव्यवस्था, भूगोल, उर्जा, वातावरण, जैविक विविधता, विज्ञान, प्रविधि, स्वास्थ्य, खेलकुद, भाषा साहित्य, सूचना, सञ्चार, समाज, संस्कृति, दर्शन, मनोविज्ञान, कानुन, कृषि,वन, जीवजन्तु र वनस्पति आदि क्षेत्रसँग सम्बन्धित सामान्य तथा विशिष्ट दृटांश र अदृष्टांश पाठ वा पाठ्यांशमा आधारित अनुमानात्मक, निष्कर्षात्मक, तथ्यात्मक, संरचनात्मक तथा समीक्षात्मक प्रकृतिका प्रतिक्रियामूलक तथा बहुवैकल्पिक बोध प्रश्नहरुको अभ्यास | १०+५ | २२ |
| • तालिका, चित्राकृति (डायग्राम) रेखाचित्र ( ग्राफ) र आरेखको सूचनालाई अनुच्छेदमा र अनुच्छेदमा रहेका सूचनालाई तालिका, चित्राकृति ( डायग्राम) रेखाचित्र (ग्राफ) र आरेखमा रूपान्तर गर्न | **एकाई ६ः सन्दर्भपूर्ण सूचनाको रुपान्तर**<br>क) तालिकाको अनुच्छेदमा रुपान्तर र सूचनाको तालिकीकरण<br>ख) चित्राकृति (बृत्ताकार र स्तम्भ) को अनुच्छेदमा रुपान्तर र सूचनाको चित्राकृति (बृत्ताकार र स्तम्भ) मा रूपान्तर<br>ग) रेखाचित्रको अनुच्छेदमा रुपान्तर र अनुच्छेदको रेखाचित्रमा रुपान्तर<br>घ) आरेखको अनुच्छेदमा रुपान्तर र अनुच्छेदका सूचनाको आरेखमा रुपान्तर | ५ | ८ |
| • विभिन्न अनुच्छेदबाट बुँदाटिपोट र सङ्क्षेपीकरण गर्न | **एकाई सातः बुँदाटिपोट र संक्षेपीकरण** | ५ | ७ |

| | | | |
|---|---|---|---|
| • विभिन्न प्रकृतिका स्वतन्त्र अनुच्छेद रचना गर्न | **एकाई आठः अनुच्छेद रचना** (स्वतन्त्र तथा निर्देशित अनुच्छेद लेखन) | ५ | ८ |
| • विज्ञापन, सम्पादकलाई चिठी, शुभकामना, बधाई ज्ञापन, श्रद्धाञ्जली, समवेदना र व्यक्तिवृत्तका नमुना तयार गर्न | **एकाई नौः व्यावहारिक लेखन**<br>क) विज्ञापन र सम्पादकलाई चिठी<br>ख) शुभकामना, बधाई, श्रद्धाञ्जली /समवेदना<br>ग) व्यक्तिबृत्त | ५ | ७ |
| • विभिन्न विषयसँग सम्बद्ध आत्मपरक र वस्तुपरक निबन्ध सिर्जना गर्न | **एकाइ दशः निबन्ध लेखन**<br>आत्मपरक र वस्तुपरक/निबन्ध सिर्जना | ८ | १२ |
| • घटना, समारोह, भ्रमण, निरीक्षण जस्ता विषयमा प्रतिवेदन तायर गर्न | **एकाई एघारः प्रतिवेदन**<br>घटना, समारोह, भ्रमण र निरीक्षणमा आधारित प्रतिवेदन लेखन | ७ | ११ |
| • कविता, गीत /गजल निबन्ध, कथा, उपन्यास र नाटकको सरसर्ती अध्ययन गरी तिनको आस्वादन गर्न | **एकाइ बाह्रः साहित्यिक कृतिको अध्ययन**<br>क) कविता /गीत /गजल<br>• माधव घिमिरेः तिम्रो र हाम्रो मन एक होओस्<br>• भूपि शेरचनः मेरो चोक<br>• हरिभक्त कटुवालः भोलिको नेपाल<br>• दुर्गालाल श्रेष्ठः मनको दैलो<br>• अमर गिरीः चराका गीतहरु<br>• धीरेन्द्र प्रेमर्षिः आँसु लुकाई परेलीमा<br>ख) निबन्ध<br>• लक्ष्मीप्रसाद देवकोटाः के नेपला सानो छ ?<br>• शंकर लामिछानेः गोधूलि संसार<br>• भैरव अर्यालः टाउको<br>• शारदा शर्माः सुखसत्ता<br>ग) कथा<br>• विश्वेश्वर प्रसाद कोइरालाः- एक रात<br>• राजेन्द्र विमलः- लङ्का काण्ड<br>• पद्मावती सिंहः- आरुको बोट<br>• ऋषिराज बरालः- पछबरिया टोल<br>• महेशविक्रम शाहः- गाउँमा गीतहरु गुन्जिँदैनन्<br>घ) उपन्यास<br>• सरुभक्तः चुली<br>ङ) नाटक विजय मल्लः सत्ताको खोजमा<br>• कृष्ण शाह यात्रीः पैडा आरोहण | | |

४. शिक्षण विधिः कक्षागत व्याख्यान, प्रश्नोत्तर, छलफल, कक्षाकार्य, समूहकार्य, गृहकार्य, परियोजना कार्य आदिद्वारा अभ्यास गराइने छ ।

५. मूल्याङ्कन पद्धतिः विद्यार्थीहरुले १०० पूर्णाङ्कको वार्षिक परीक्षा दिने छन् । विशिष्टीकरण तालिका ( ग्रिड) मा दिइए अनुसार विभिन्न एकाइगत सन्तुलन हुने गरी १०० पूर्णाङ्कका विभिन्न प्रश्नहरु सोधिने छन् । शिक्षाशास्त्र सङ्कायका लागि ९० अङ्कका यही प्रकृतिका प्रश्नहरु र समग्र पाठ्यांशहबाट अङ्क १ / १ का बहुवैकल्पिक १० वटा प्रश्न गरी जम्मा १०० पूर्णाङ्कका प्रश्नपत्रहरु सोधिने छन् ।

**पाठ्यपुस्तक**

- अनिवार्य नेपाली स्थायी समिति, नेपाली साहित्यिक रचना ( परिवर्तित दो.सं. २०६९), साझा प्रकाशन, काठमाडौं ।
- अनिवार्य नेपाली स्थायी समिति त्रि.वि. पाविके, अनिवार्य नेपाली व्याकरण, बोध र रचना ( प्रस्तावित ) साझा प्रकाशन, काठमाडौं ।

**सहायक सामग्री**

- टङ्क न्यौपाने, मानक नेपाली व्याकरण र कार्यमूलक लेखन, श्याम ब्रदर्स, विराटनगर
- मोहनराज शर्मा, शव्दरचना र वर्णविन्यास, नवीन प्रकाशन, काठमाडौं ।
- लालानाथ सुवेदी नेपाली वोध र रचना कौशल, हिमालय बुक्स स्टल, काठमाडौं ।
- हेमाङ्गराज अधिकारी, प्रयोगात्मक नेपाली व्याकरण, साझा प्रकाशन, काठमाडौं ।